# नेपाल पत्रकार महासंघ कास्कीको विषयवस्तु लेखन तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

नेपाल पत्रकार महासंघ कास्कीको विषयवस्तु लेखन तालिम सम्पन्न भएको छ।

आइतबारदेखि सोमबारसम्म महासंघको सभाहलमा चलेको तालिममा प्रशिक्षकका रुपमा राष्ट्रिय समाचार समिति (रासस) का प्रधान सम्पादक एकराज पाठक, दि राइजिङ नेपालका पत्रकार मोदनाथ ढकाल थिए । तालिमकै समय पोखराबाट पत्रकारिता गरिरहेका क्रियाशिल पत्रकारहरुले आफ्नो अनुभव सुनाए। सोमबार तालिमको समापन गर्दै गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले सिक्ने र सिकाउने प्रक्रिया कहिल्यै अन्त्य नहुने उल्लेख गरे। 'सिक्ने र सिकाउने प्रक्रिया निरन्तर चलिरहन्छ', उनले भने, 'फेरि विषयवस्तु लेखनका विषयमा तालिम हुनु सह्रानिय पक्ष हो।' पौडेलले पत्रकारिता क्षेत्र मर्यादित हुनुपर्ने आवश्यकतालाई औंल्याएका छन् । पत्रकारिता क्षेत्रबाट समाजको अपेक्षा राम्रो भएको बताउँदै सत्यतथ्य समाचार सम्प्रेषणमा जोड गर्न उनको अनुरोध छ । हतारको पत्रकारिताले समाज भड्किएको गुनासो उनले गरेका छन् । सोमबारको सेसनमा एकराज पाठकले पत्रकारले विषयवस्तुको छनोट गर्नु पनि एक प्रकारको कला भएको उल्लेख गरे । सिनेमामा जस्तो पत्रकारितामा पनि विषयवस्तु नै हिरो हुनुपर्ने भनाई उनको छ। विषयवस्तुले पत्रकारितालाई दरिलो बनाउने उनले बताए । विषयवस्तु पहिचानका लागि सुचनाको स्रोत संरक्षणमा लाग्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । पाठकमाझ पुर्याउन पत्रकारमा लेखन कला अति आवश्यक रहेको तर्क उनको छ । पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदीले कास्कीले विषयवस्तु लेखन सम्बन्धि तालिम राखेर राम्रो काम गरेको बताए। पत्रकारिता क्षेत्रमा शुद्धिकरणको आवश्यकता देखेर नै महासंघको शुद्धिकरण अभियान अनुसार गण्डकी अगाडि बढेको भनाई उनको छ। मर्यादित पत्रकारिता आजको आवश्यकता रहेको उनले बताए । पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले कास्कीका पत्रकारबाट आएको विषयवस्तु लेखन सम्बन्धि तालिमको मागअनुसार कार्यक्रम तय भएको बताइन् । उनले भनिन्,'कास्कीको पत्रकारिता क्षेत्रलाई मर्यादित बनाउन महासंघ क्रियाशिल छ । विषयवस्तु छनोट पत्रकारितामा आजको आवश्यकता हो। सोहि अनुरुप नै तालिमको आयोजना गरिएको हो ।' तालिमले पत्रकारको क्षमता अभिवृद्धिमा टेवा पुगेको विश्वास उनले लिएकी छिन्।



नेपाल पत्रकार महासंघ कास्कीका पूर्व उपसभापति गंगाधर पराजुलीले पत्रकारिता क्षेत्रमा मिलेर अगाडि बढ्नुको विकल्प नभएको बताए। पछिल्लो समय पत्रकारिता क्षेत्र धरासायी भएको उल्लेख गर्दै पत्रकार आर्थिक उपार्जनका लागि परदेशिन बाध्य भएको तर्क उनको छ। यसमा महासंघ गम्भिर भएर लाग्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाको संयोजनमा सम्पन्न कार्यक्रममा प्रशिक्षार्थी पत्रकारद्वय तिलक पुन पुर्जा र ज्योती हमालले अनुभव सोटेका थिए। यसका अलवा तालिम अवधिभर पोखराका क्रियाशिल पत्रकार भरत कोइराला (आदर्श समाज), केशव शरण लामिछाने (अन्नपूर्ण पोष्ट), बासुदेव मिश्र (नेपाल खबर), दिपक परियार (कान्तिपूर), पुण्य पौडेल (पोखरा पत्र) लगायतले पोखरामा पत्रकारिता गरिरहँदाको अनुभव प्रस्तुत गरेका थिए। तालिममा पोखरामा पत्रकारिता क्षेत्रमा लागिरहेका प्रशिक्षार्थीहरुको सहभागिता थियो।

# रोटरी युथ लिडरसिप अवार्डमा ४५ सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटान अन्तर्गत कास्कीमा रोटरी युथ लिडरसिप अवार्ड (राइला) हुँदैछ।

कास्कीको अन्नपूर्ण गाउँपालिका अन्तर्गत लेवाडेमा यही जनवरी ११ देखि १४ (पुस २६ देखि २९) सम्म हुने सो कार्यक्रमको तयारी पूरा भएको आयोजकले जनाएको छ। १६ देखि २० वर्ष उमेर समूहकाले भाग लिन पाउने उक्त कार्यक्रम विशेषगरी नेतृत्व कौशल विकासका लागि महत्वपूर्ण मानिन्छ। सुन्दर, मनोरम स्थान लेवाडेमा प्रकृतिसँग रमाउँदै चार दिनसम्म हुने सो कार्यक्रम रोटरीका विभिन्न कार्यक्रममध्ये महत्वपूर्ण रुपमा लिने गरिन्छ। कार्यक्रमका लागि हालसम्म ४५ जनाको रजिष्ट्रेसन भएको डिष्ट्रिक्टको राइला को-चेयर एवं कार्यक्रम संयोजक राजेन्द्र लिगलले बताए। डिष्ट्रिक्टले हरेक वर्ष आयोजना गर्दै आएको राइला कास्कीमा लामो समयपछि हुन लागेको हो। जसमा कास्कीका ९ वटै रोटरी क्लबहरुसहित १७ होस्ट र १० को-होस्ट छन्। डिष्ट्रिक्ट गभर्नर नोमिनी विनोद कोइरालाले राइला रोटरीको अभिन्न अंग रहेको बताउँछन् । युवाहरुमा निहित प्रतिभा प्रस्फुटन र उनीहरुमा नेतृत्व क्षमताको विकासका लागि यो कार्यक्रम निकै महत्वपूर्ण हुने डिजिएन कोइरालाले बताए । गत वर्ष गोरखा र काठमाडौंमा यसप्रकारको कार्यक्रम भएको थियो । सहभागीको क्षमता र सिकाइ आधारमा अवार्ड प्रदान गरिनेछ। कार्यक्रमको उद्घाटन डिष्ट्रिक्ट गभर्नर राजेन्द्र प्रसाद ध्वजुले गर्ने रोटरी क्लव अफ पोखरा मिडटाउनका अध्यक्ष सोनी ढेवाजूले बताइन्।

# रामबहादुर बम्जन पक्राउ

**रासस**
काठमाडौं, २४ पुस

लामो समयदेखि प्रहरीको खोजी सूचीमा रहेका रामबहादुर बम्जन पक्राउ परेका छन् । बम्जनलाईनेपालप्रहरीकोकेन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले बूढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले राससलाई जानकारी दिनुभयो।



कडायतले भन्नुभयो, "विभिन्न उजुरीका आधारमा प्रहरीको खोजी सूचीमा रहेका बम्जनलाई सिआइबीको टोलीले बूढानीलकण्ठ क्षेत्रबाट आज साँझ ७ बजे पक्राउ गरेको हो ।" बम्जनको आश्रमबाट आनीसहित चार जना सम्पर्कविहीन भएको उजुरी परेपछि प्रहरीले लामो समयदेखि उनको खोजी गरिरहेको थियो।

# पोखरामा राससको अभिमुखीकरण कार्यक्रम

**रासस**
पोखरा, २४ पुस

राष्ट्रिय समाचार समिति (रासस) को आयोजनामा गण्डकी प्रदेशमा कार्यरत राससका समाचारदाताका लागि अभिमुखीकरण कार्यक्रम आजदेखि पोखरामा सुरु भएको छ।

रासस गण्डकी प्रदेश कार्यालयको संयोजन र गण्डकी प्रदेश सरकारको सहयोगमा आयोजित अभिमुखीकरण कार्यक्रमको प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले शुभारम्भ गर्नुभयो । सो अवसरमा मन्त्री जुग्जालीले नागरिकमा आशा र सकारात्मक सोचको अभिवृद्धि हुने किसिमका समाचार प्रवाह गर्नुपर्ने धारणा राख्नुभयो । सङ्घीयतालगायत मुलुकले हासिल गरेका परिवर्तनका मुद्दाप्रति जनआस्था बढाउने गरी पत्रकारिता क्षेत्रले भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो।

"अहिले सबैतिर निराशा मात्रै बाँड्ने प्रवृत्ति बढ्दो छ, यो देशमा केही हुँदैन भन्ने भाष्य निर्माण गरिएको छ", मन्त्री जुग्जालीले भन्नुभयो, "पत्रकारलगायत हामी सबैले त्यस किसिमको नकारात्मक प्रवृत्तिको सामूहिक प्रतिवाद गर्नु जरुरी छ।"



राससले आफ्नो सेवामा विविधिकरणसँगै कर्मचारी र समाचारदाताको दक्षता अभिवृद्धिका लागि जोड दिन मन्त्री जुग्जालीले सुझाव दिनुभयो । राज्यद्वारा सञ्चालित समाचार समिति भए पनि राससले सरकारका राम्रा/नराम्रा कामलाई औंल्याउनुपर्ने उहाँको भनाइ थियो। राससको भौतिक संरचना निर्माण र सेवाको स्तरीकरणका लागि प्रदेश सरकार रासससँग सहकार्य गर्न तयार रहेको मन्त्री जुग्जालीले उल्लेख गर्नुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससको सेवालाई विविधिकरण गरी अन्तर ाष्ट्रियस्तरको समाचार समिति बनाइने बताउनुभयो। उहाँले निकट भविष्यमा राससको सेवालाई चौबिसै घण्टा विस्तार गर्ने योजना रहेको सुनाउनुभयो । "पछिल्लो समय श्रव्यदृश्य सेवा, विचार सेवा र मातृभाषामा समाचार सेवा सुरु गरिएका छन्, यी सेवाप्रति राम्रो प्रतिक्रिया आइरहेको छ", उहाँले भन्नुभयो, "सेवा विस्तारसँगै जनशक्तिलाई पनि प्रशिक्षित गरिरहेका छौँ, अभिमुखीकरण कार्यक्रम सबै प्रदेशमा सञ्चालन हुँदैछ ।" अध्यक्ष झाले प्रदेश सरकार र स्थानीय सरकारसँगको सहकार्यमा राससको सेवालाई विविधिकरण र स्तरीकरणको काम अगाडि बढाइएको बताउनुभयो। सरकारले अनुदान सहयोग बढाएमा देशभरका सञ्चारमाध्यमलाई निःशुल्क समाचार वितरण गर्न रासस तयार रहेको उहाँले बताउनुभयो । लोकतन्त्रलाई बलियो बनाउन सूचनामा आम नागरिकको पहुँच हुनुपर्ने उहाँले उल्लेख गर्नुभयो । राससका महाप्रबन्धक सिद्धराज राईले राससका समाचारदातालाई दक्ष र प्रतिस्पर्धी बनाउन अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। गण्डकीसँगै लुम्बिनी र मधेश प्रदेशमा समाचारदाता क्षमता विकासको कार्यक्रम सम्पन्न भइसकेको उल्लेख गर्दै उहाँले छिट्टै सुदूरपश्चिम र बागमती प्रदेशमा सो कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो । राससका प्रधानसम्पादक एकराज पाठकले राससको समाचार सेवालाई विविधिकरण गर्दै लगिएको बताउनुभयो । उहाँले राससका सामग्री देशका अधिकांश सञ्चारमाध्यमले प्रयोग गरे पनि स्रोत उल्लेख नगर्ने प्रवृत्ति बढिरहेको बताउनुभयो।

रासस सञ्चालक समितिका पूर्व सदस्य गङ्गाधर पराजुलीले राससले पहिलो पटक मातृभाषाको समाचार दिन सुरु गर्नु ऐतिहासिक उपलब्धि भएको उल्लेख गर्नुभयो। सूचना-प्रविधिमा आएको परिवर्तनले पत्रकारसामु नयाँ चुनौती थपिएको उल्लेख गर्दै उहाँले पत्रकारले समयसापेक्ष रूपमा आफ्नो क्षमता विकास गर्नुपर्ने बताउनुभयो । पराजुलीले रासस राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा छवि कायम गरेको समाचार समिति रहेको बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदीले राससलाई स्वतन्त्र र व्यावसायिक सञ्चार संस्थाका रूपमा विकास गर्नुपर्ने बताउनुभयो । उहाँले सामाजिकसुरक्षाकार्यक्रममाजोड्न सके पत्रकारको भविष्य सुरक्षित रहने उल्लेख गर्नुभयो। रासस धेरै सञ्चारमाध्यमको समाचार स्रोत रहेको सुवेदीले बताउनुभयो।

नेपाल पत्रकार महासङ्घ कास्की शाखाका अध्यक्ष बिमला भण्डारीले राससको विश्वसनीयता कायमै रहोस् भनि शुभेच्छा प्रकट गर्नुभयो । बुधबारसम्म चल्ने अभिमुखीकरण कार्यक्रममा राससका अध्यक्ष झा, महाप्रबन्धक राई, प्रधानसम्पादक पाठक, गण्डकी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रेस संयोजक नरहरि सापकोटालगायतले सहजीकरण गर्ने रासस गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेलले जानकारी दिनुभयो । अभिमुखीकरण कार्यक्रममा गण्डकी प्रदेशका ११ वटै जिल्लाका रासस समाचारदाताको सहभागिता रहेको छ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
-चाणक्य

## सम्पादकीय

# सतहमा राप्रपाको विवाद

कोशी प्रदेशको सभामुखमा राप्रपाका अम्मर बहादुर बिष्ट निर्बिरोध भएपछि पार्टीमा विवाद बढेको छ । अध्यक्ष राजेन्द्र लिङ्देन र निर्देशक समितिका संयोजक प्रकाशचन्द्र लोहनीको विवाद सतहमा देखिएको छ । अध्यक्ष लिङ्देनले कोशीमा कांग्रेस र माओवादी केन्द्रको सत्ता गठबन्धनसँग साझेदारी गरेर सभामुख लिएका छन् । त्यही सहमतिअनुसार राप्रपाले अम्मरबहादुर विष्टलाई सभामुख प्रस्ताव गऱ्यो, जसलाई एमालेले समेत समर्थन गरेपछि निर्विरोध निर्वाचित भए । विष्टलाई कोशीमा निर्विरोध बनाउने दलहरूको प्रयास भइरहेका बेला राप्रपाका केन्द्रीय नेताहरू फरक फरक लाइनमा उभिएका छन ।

लोहनीले कोशीको सभामुख प्रस्ताव रोक्ने प्रयासका लागि नेताहरूसँग छलफल गरेर विष्टलाई सभामुखमा उम्मेदवार नदिने निर्देशन दिने निर्णय लिँदै थिए, उता विष्टले उम्मेदवारी दिइसकेका थिए । अध्यक्ष राजेन्द्र लिङ्देनको ग्रिन सिग्नल पाएपछि विष्ट उम्मेदवारी दिन पुगेका थिए । राप्रपाले २७ पुसमा एकता दिवस मनाउने तयारी गरिरहेका बेलामा लोहनी र लिङ्देन समूहबीच विवाद बढ्ने देखिन्छ । राप्रपा सत्तामा पुगेपछि विभाजनका लागि बाटो खुला गर्ने पुरानै रोग हो।छोटो समय संघीय सरकार र केही प्रदेश सरकारमा रहेको राप्रपामा सत्ताको भोक जागेको छासत्ताका लागि जो संगपनि मिल्ने राप्रपाको चरित्र भएको हुँदा बहुमतको निर्णय गरेर अहिलेको गठबन्धनमा सहभागी हुने संभावना नकार्न सकिँदैन ।

राप्रपा अध्यक्ष लिङ्देन सत्ता गठबन्धनसँग साझेदारी गरेर जान चाहिरहेका छन् । त्यसका लागि उनले नेताहरू परिचालन पनि गरसकिदै गरेका छना । उपाध्यक्ष बुद्धिमान तामाङ, विक्रम पाण्डेलगायतका नेताहरूलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवासँग संवादमा खटाएका छन । राष्ट्रियसभाको चुनावमा पनि मिलेर जाने प्रस्ताव राप्रपाले गरेको थियो । कम्तीमा एक सिट दाबी गरेको थियो । त्यसका लागि उपाध्यक्ष तामाङले प्रचण्ड र देउवासँग छलफल गरेका थिए । तर, अन्तिम समयमा कोटा नपुगेका कारण राप्रपाले औपचारिक रुपमा गठबन्धन गर्न सकेको थिएन । तर, उनीहरूबीच कोशी प्रदेशमा भने गठबन्धन गर्ने पूर्वसहमति भएको थियो । त्यही सहमतिअनुसार सभामुख राप्रपालाई दिन गठबन्धन तयार भएको हो ।

राप्रपाका नेताहरूको भनाइमा अध्यक्ष लिङ्देनले सत्ता गठबन्धनसँग सहमति गरेअनुसार राप्रपा अघि बढेमा अबको केही समयमा संघीय सरकारमा पनि सहभागी हुनेछ । कोशी प्रदेश सरकारमा पनि राप्रपा सहभागी हुनेछ । कोशी प्रदेशका ६ जना सांसदमा ५ जना झापाका रहेका छन् । र ६ जना नै अध्यक्ष लिङ्देन समूहका सांसदहरू हुन् । लोहनी समूहमा अहिले उपाध्यक्ष रविन्द्र मिश्रदेखि महामन्त्री धवलशमशेर राणासम्म जोडिएका छन् । सांसद नभएकाहरु अहिलेको प्रणालीको बिरोधमा छन ।

सत्ता गठबन्धनबाट आजित भएका काङ्ग्रेसका पुराना नेताहरु रुष्ट भएको बेलामा राप्रपा सरकारमा जानू सत्तामोह हो। राप्रपामा देखिएको यो सनातनी रोगले विभाजनको बाटोमा नपुर्याउला भन्न सकिन्न । राप्रपाले २७ पुसमा हिन्दु धर्म र राजतन्त्रको पक्षमा आन्दोलनको घोषणाको तयारी गरिरहेको छ। त्यसैको सम्मुखमा देखिएको विवादले राप्रपालाई विभाजित गर्ने देखिएको छ । आन्दोलनको घोषणा गरेर नयाँ मोर्चाबन्दी गर्नुपर्ने लोहनी समूहको भनाइ अध्यक्ष लिङ्देनले नमानेको कारण मोर्चा बनन सकेको छैन । कमल थापा, केशरबहादुर विष्ट, दुर्गा प्रसाईलगायतसंग लोहनी पक्षले नयाँ मोर्चा बनाएर गएमा राप्रपामा प्रष्ट कित्ता काट हुन सक्नेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाब | वृश्चिक | : कार्यमा सफलतामन |
| मिथुन | : शारीरिक झमेला | धनु | : चन्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नदि तथा खानीजन्य पदार्थ सम्बन्धी अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

जिल्ला समन्वय समिति कास्कीले पहिलो पटक नदिजन्य तथा खानीजन्य पदार्थ सम्बन्धी अन्तरक्रिया कार्यक्रम मंगलबार सम्पन्न गरेको छ । कार्यक्रममा नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन सम्बन्धी जिल्ला अनुगमन समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिती कास्कीका प्रमुख लिलाधर पौडेलले राज्यका निति नियम भित्र रहेर नदि तथा खानिजन्य पदार्थको उत्खनन गर्न आग्रह गर्नुभयो ।



कतिपय स्थानमा लापरबाहीपूर्बक गरिएका उत्खननले बिकास निर्माण ध्वस्त पारेको, खतरा उन्मुख रहेको पाइएको हुँदा सो प्रती सचेत हुन स्थानिय सरोकारवाला सहित व्यवसायिहरूलाइ आग्रह गर्नुभयो । ब्यबसायीहरू बिकासका बहाक र सहयात्री समेत भएको भन्दै बनेका बिकास आयोजनाको संरक्षण र प्राकृतिक स्रोतहरूको समेत मैत्रीपुर्ण प्रयोगमा कुनै गल्ती नगर्न स्थानिय तहहरूलाइ आग्रह गर्नुभयो । पौडेलले कास्कीका अधिकाम्स खानी जन्य उधोग मापदण्ड बिपरित संचालन भएको आफुहरूको अनुगमनले भेट्टाएको भन्दै ब्यबस्थित बाताबरण निर्माणका लागि बार्षिक कार्ययोजना अनुसार उक्त अन्तरक्रीया कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो । प्रमुख पौडेलले सरकारका अंग, नागरिक, ब्यबसायीहरूको सहकार्यले मात्रै कानुनि राज्यको अनुभुति हुने हुँदा कुनै पनि बिकासका लागि आबश्यक सुशासन निर्माणमा घनिभुत तवरले लागी पर्न आग्रह गर्नुभयो । पोखरा महानगर पालिकाका प्रमुख धनराज आचार्यले राज्यका कानुन र निति नियमको पूर्ण पालना सहित कठिनाईहरूको निराकरण गर्नु पर्ने भन्दै प्रकृति मैत्री बिकासमा पोखरा महानगर प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन सम्बन्धी जिल्ला अनुगमन समिति कास्कीका सह -संयोजक कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरेले प्राकृतिक स्रोतको संरक्षणात्मक उपयोगमा ध्यान दिदै बिकास निर्माणका कार्य संचालन गर्नु पर्ने भन्दै कुनै पनि नागरिकले राज्यका कानुन र नियम मान्दिन भन्न नपाइने र यदि कानुन मापदण्ड पालना नगरेको पाइएमा त्यो क्षम्य नहुने बताउनुभयो । राज्यलाई राजश्व तथा कर तिरेर मात्रै बैधानिकता प्राप्त नहुने भन्दै राज्यले समय परिस्थिति अनुसार हरेक क्षेत्रमा मापदण्ड तोक्ने हुँदा सो को पूर्ण पालनाको बिकल्प नभएको उल्लेख गर्नुभयो । उहाँले निकट भबिष्यमा हुने अनुगमनमा मापदण्ड पालना नगरेको पाइएमा तत स्थानमै तत्काल कारबाही हुने उल्लेख गर्नुभयो ।

कास्कीका प्रहरी प्रमुख एस पि मोहन कुमार बस्नेतले गैर कानुनि उत्खनन र निकासी नियन्त्रणमा आफ्नो संयन्त्र प्रभाबकारी तवरले संचालन भएको भन्दै कुनै अबैध कार्य भेटिएमा तत्काल सूचना दिन आग्रह गर्नुभयो । क्रशर उध्योग ब्यबसायी महासंघ गण्डकीका अध्यक्ष लिलाधर बरालले बैधानिक नदि र खानिजन्य ब्यबसायिले बिगत ८ बर्ष देखि डोजर नचलाएको दाबी गर्नुभयो । यदि त्यस्तो पाइएमा ठाडो कारबाही गर्न उहाँले आग्रह गर्नुभयो ।आफुहरू सरकारलाइ हरहमेशा सहयोग गर्न तयार रहेको बरालको भनाइ थियो ।

जिल्ला समन्वय अधिकारी नवराज बरालले अहिलेको मापदण्ड अनुसार कास्कीका कुनै पनि क्रशर उद्योग संचालन नभएको उल्लेख गर्नुभयो। बिकासले अबधानिक र अप्राकृतिक उत्खनन तत्काल रोक्न आग्रह गर्नुभयो ।

कार्यक्रममा कास्कीका नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन सम्बन्धी जिल्ला अनुगमन समितिका पदाधिकारी सहित स्थानिय तहका प्रमुख , एक्याप ,ब्यबसायी र सरोकारवालाहरूले सो क्षेत्रलाई ब्यबस्थित गराउने बारेमा आ आफ्नो धारणा राख्नुभएको थियो। कार्यक्रम नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन सम्बन्धी जिल्ला अनुगमन समिति कास्कीका संयोजक लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# बेनीमा ५० करोडको लागतमा नदी नियन्त्रण आयोजना

**रासस**
म्याग्दी, २४ पुस

म्याग्दीको सदरमुकाम बेनी बजार र आसपासका क्षेत्रमा सञ्चालित नदी नियन्त्रण आयोजनाको काम अघि बढाइएको छ । बर्खामा नदीमा बाढीको सतह बढेपछि म्याग्दी र कालीगण्डकीको कटान नियन्त्रणका लागि सञ्चालित आयोजनाको काम रोकिएको थियो । हिउँद लागेसँगै पानीको सतह घटेपछि रोकिएको बस्ती संरक्षणको काम सुरु भएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तगतको रुपाताल संरक्षण एकीकृत विकास परियोजनाले बेनी बजार र आसपासका बस्तीमा कटान नियन्त्रणका लागि थप सात ठाउँमा रु ५० करोडको लागतमा योजना सञ्चालन गरेको छ । बेनी बजार, गलेश्वर क्षेत्र, राममन्दिर र पर्वत बेनी आसपासका बस्तीलाई संरक्षण गर्न सञ्चालित आयोजना निर्माणले तीव्रता पाएको परियोजनाका इञ्जीनीयर कृष्ण विश्वकर्माले बताउनुभयो ।

“गलेश्वर, राममन्दिर र बगरफाँटको योजना सम्पन्न हुने चरणमा छन्,” उहाँले भन्नुभयो “बेनी नगरपालिका-२ भस बसेको नदी र पहिरो नियन्त्रण योजना लक्ष्य अघिनै सम्पन्न भएको छ ।” रु नौ करोड ४५ लाखमा ठेक्का सम्झौता गरेको रौताह-बिएनबी कन्ट्रक्सन जेभीले बेनी नगरपालिका-८ स्थित कालीगण्डकी किनारमा एक सय ६४ मिटर लामो र आठ मिटर अग्लो काउन्टर फोर्ट प्रविधिको पक्की पर्खाल निर्माण गरिरहेको छ । सो ठेक्कामार्फत यसअघि कालीपुलको कालीगण्डकी किनारमा ८० मिटर पक्की र मङ्गलाघाटको म्याग्दी नदी किनारमा ४६ मिटर कम्पोजित पर्खाल निर्माण भएको थियो ।

मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा दुई प्याकेजमा दुई सय ६२ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल बनाउन रु पाँच करोड ७७ लाखमा सुप्रिम कन्ट्रक्सनसँग ठेक्का सम्झौता भएको छ । बेनी नगरपालिका-२ स्थित बेनी-बागलुङ सडकको भसभसे पहिरो र म्याग्दी नदी कटान नियन्त्रणका लागि ७५ मिटर लामो कम्पोजित पर्खाल बनाउन रु दुई करोड ३० लाखमा ठेक्का सम्झौता गरेको हिमालयन कन्ट्रक्सनले निर्माण सकेको छ ।

बेनी-९ स्थित राहुघाट नदी किनारमा रु ९० मिटर लामो पर्खाल बनाउन भाग्यलक्ष्मी बिआरटिले रु दुई करोड ६८ लाखमा ठेक्का लिएको योजना अन्तिम चरणमा छ । जलजला गाउँपालिकाको बगरफाँटमा कालीगण्डकी किनारमा ८५ मिटर लामो पर्खाल बनाउन रु तीन करोड २० लाखमा ठेक्का लिएको माछापुच्छ्रे निर्माण सेवाले निर्माण सम्पन्न गर्ने चरणमा छ । कालीगण्डकी र राहुघाट नदीको दोभानस्थित जलजला गाउँपालिका-२ को राममन्दिरमा पक्की पर्खाल बनाउन रु चार करोड ३२ लाखमा ठेक्का लिएको माछापुच्छ्रे निर्माण सेवाले कम्पोजित पर्खाल निर्माणको अन्तिम चरणमा पुगेको छ ।

पर्वतको जलजला गाउँपालिका-३ वारीबेनीमा नदी नियन्त्रणका लागि ८४ मिटर लामो र आठ मिटर अग्लो कम्पोजित पर्खाल निर्माण सुरु भएको छ । गत असारमा रु तीन करोड पचास लाखमा ठेक्का सम्झौता गरेको डाभा कन्ट्रक्सनले कालीगण्डकीलाई डाईभर्सन गरेर पर्खाल बनाउन जग खन्ने काम सुरु गरेको छ । निर्माण कम्पनीका प्रतिनिधि शिव जिसीले आगामी असारभित्र पर्खाल निर्माण सम्पन्न गर्ने लक्ष्यसहित उपकरण, मजदुर परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेको बताउनुभयो । निर्माण कार्यलाई सहज बनाउन कालीगण्डकीलाई डाईभर्सन गरेर अस्थायी रूपमा म्याग्दीको बेनीतर्फबाट बगाइएको जिसीले बताउनुभयो। नदी किनारमा पक्की पर्खाल निर्माण भएपछि करिब तीन सय परिवारको बसोबास रहेको वारीबेनी बजारका बासिन्दा कालीगण्डकीको कटानबाट जोगिने छन् ।

# गोरखाबाट गोरखपुरसम्म धार्मिकयात्रा

**पोखरापत्र संवाददाता**
गोरखा, २४ पुस

गोरखास्थित गोरखनाथ कालिका मन्दिरको प्रचार-प्रसार गर्दै धार्मिक पर्यटक भित्र्याउन गोरखाबाट गोरखपुरसम्म ‘ खिचडी यात्रा’ गरिने भएको छ ।

भारतको उत्तर प्रदेशका भारतीय पर्यटकलाई गोरखा भित्र्याउन गोरखाको गोरखनाथ मन्दिरबाट गोरखपुरमा रहेको गोरखनाथ मन्दिरसम्म एक सय आठ जनाको सहभागितामा धार्मिकयात्रा गर्न लागिएको हो । “प्राचीनकालदेखि नै गोरखाको गोरखनाथ मन्दिरबाट गोरखपुरमा रहेको गोरखनाथ मन्दिरमा खिचडी पठाउने प्रचलन रहेको रहेछ”, गौमाता सेवा महासङ्घ गोरखाका संयोजक होमसिंह बस्न्यातले भन्नुभयो, “तर गएको २० वर्षभन्दा बढी समयदेखि उक्त परम्परा रोकिएको पाइयो, हामीले हराएको संस्कृतिलाई जोगाउन र गोरखामा धार्मिक पर्यटकको आकर्षण बढाउन गोरखनाथ मन्दिरबाट खिचडी लगेर चढाउन यात्रा गर्न लागेका हौँ ।”चामल, मासको दाल, घ्यू, नुन, बेसारलगायतका खाद्यवस्तु मिलाएर खिचडी बनाउने गरिन्छ । गोरखनाथ मन्दिरबाट प्रसादका रूपमा खिचडी लिएर उत्तर प्रदेशमा रहेको गोरखनाथ मन्दिरमा माघीपर्वका दिन दिउँसो ब्रह्ममूर्तको समयमा चढाएपछि मात्र त्यहाँ खिचडी भोग गर्ने परम्परा रहेको बताइन्छ ।

“धार्मिक हिसाबले दुवै ठाउँमा रहेको गोरखनाथको महत्व उस्तै छ”, संयोजक बस्न्यातले भन्नुभयो, “धार्मिक दृष्टिकोण दुवै ठाउँलाई जोड्न सके र त्यहाँका झण्डै २४ करोड जनतालाई गोरखाको गोरखानाथसँगको सम्बन्धका बारेमा जानकारी गराउन सके त्यहाँका धार्मिक पर्यटकलाई गोरखा ल्याउन सकिन्छ ।” गोरखाको धार्मिक टोली यही पुस २९ गते गोरखपुरको यात्रामा निस्कने उहाँको भनाइ छ। “बिहान ७ बजे गोरखनाथ मन्दिरबाट खिचडीसँगै बाजागाजा मङ्गलधुन स्वस्तिकवाचनसहित गोरखाबाट गोरखपुरयात्रा आरम्भ हुन्छ”, उहाँले भन्नुभयो, “गोरखपुर पुगेर त्यहाँस्थित गोरखनाथ मन्दिरमा गोरखाबाट लगेको खिचडी चढाएर हामी गोरखा फर्कन्छौं ।” बीस वर्षअघिसम्म गोरखाको गोरखनाथ मन्दिरबाट गोरखपुरमा रहेको गोरखनाथ मन्दिरमा खिचडी पुगे गरेको भए पनि पछि उक्त परम्परा बन्द भएको बस्न्यातले बताउनुभयो ।

गोरखाको गोरखनाथ कालिका मन्दिरबाट खिचडी पठाउन छाडेपछि गोरखापुरको गोरखनाथमा नेपाली भूमिबाट थौरै चामल, घ्यू, नुन, मासको दाल, बेसारलगायतका खाद्यवस्तु लगेर गोरखाको गोरखनाथबाट ल्याएको सम्झिएर चढाउने गरेको त्यहाँका पुजारीले जानकारी दिएको उहाँको भनाइ छ । परम्परागत धार्मिक तथा सांस्कृतिक परम्पराको जगर्ने गर्न सुरु गरिएको यस संस्कृतिले गोरखामा धार्मिक पर्यटन भित्र्याउन महत्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ ।

खिचडी पुऱ्याउने परम्पराको पुनः थालनी गरेसँगै उत्तर प्रदेश र गोरखाबीचको धार्मिक सम्बन्ध अझै बलियो हुँदै जाने र यसले गोरखा जिल्लाभित्रका लाखौँ धार्मिक पर्यटक भित्र्याउन सकिने संयोजक बस्न्याले बताउनुभयो ।

# राष्ट्रिय स्वतन्त्र पार्टीको वडा १३ समितिमा बराल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

राष्ट्रिय स्वतन्त्र पार्टीले वडा न १३ मा माधवराज बारालको सभापतिमा वडा समिति चयन गरेको छ ।

शनिवार भएको भेलाले समितिको सदस्यहरुमा क्रमश सरिता भन्तना ,सन्ध्या गुरुङ, संगीता पौडेल, केदारनाथ बराल, मेहेबुब अलिमियाँ, देव बहदुर नेपाली र शन्तबहादुर थापालाइ चयन गरेको हो । समितिको बैठकले एक जना दलित महिला र दुइ जना सदस्य मनोनित गरे पछि ११ सदस्यीय समिति बन्ने छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रिय सदस्य मनिस झा, वडा समितिका सभापति नरेश पौडेल, उपसभापति केदारनाथ वराल लगायत वोलेको कार्यक्रममा सचिव माहादेव देवकोटाले संचालन गर्नुभएको थियो ।

# गण्डकी प्रदेश स्तरिय पिएम कप क्रिकेट छनौटमा स्याङजा र तनहुँ भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

पोखरा रंगशालामा जारी गण्डकी प्रदेश स्तरिय पिएम कप क्रिकेट छनौटमा तनहुँ र स्याङजा बिच फाइनल खेलमा बुधबार प्रतिस्पर्धा हुने भएको छ।

दुबै टिमले लिक चरणका खेलमा उत्कृष्ट खेल प्रर्दशन गरी दुई खेलमा आफ्नो अपराजित यात्रा जारी राख्दै फाइनलमा यात्रा बनाएका हुन् ।

उक्त फाइनल खेल बुधबार पोखरा रंगशालाको क्रिकेट मैदानमा बिहान ९:०० बजे पछि हुने भएको गण्डकी प्रादेशीक क्रिकेट संघ प्रदेशका अध्यक्ष संजयकान्त सिग्देलले बताए । प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा ६ टिम बिच उक्त प्रतियोगितामा भएको हो ।

यसैबिच मंगलबार नवलपुर र पर्वत बिचको खेलमा नवलपुरले ९८ रनको फराकिलो अन्तरले पराजित गऱ्यो । खेलमा म्यान अफ दी म्याच घोषित नलवपुरका कमल परियारले ८ विकेट लिदै २१ रन समेत जोडेका हुन्। उक्त प्रतियोगितामा छनौट भएका खेलाडीहरुलाई राष्ट्रिय प्रतियोगितामा गण्डकीको प्रतिनिधित्व गर्ने भएका छन् ।

